## खैरहनी नगर कार्यपालिकाको बैठक संख्या ४ (आ.व.२०८२/८३)

आज मिति २०८२/०७/२४ गते सोमबार बिहानको ७:३० बजे खैरहनी नगरपालिकाका प्रमुख श्री शशी कुमार खनियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरियो ।

### तपसिल

| क्र.स. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री शशी कुमार खनिया | |
| २ | उप-प्रमुख | श्री कविता उप्रेती | |
| ३ | सचिव | नेत्रप्रसाद पौडेल | |
| ४ | वडा अध्यक्ष वडा नं. १ | श्री नवराज भुसाल | |
| ५ | वडा अध्यक्ष वडा नं. २ | श्री रोहिणी प्रसाद उप्रेती | |
| ६ | वडा अध्यक्ष वडा नं. ३ | श्री पूर्ण बहादुर गुरुङ्ग | |
| ७ | वडा अध्यक्ष वडा नं. ४ | श्री वेद बहादुर अधिकारी | |
| ८ | वडा अध्यक्ष वडा नं. ५ | श्री छत्रनाथ सुवेदी | |
| ९ | वडा अध्यक्ष वडा नं. ६ | श्री कमल प्रसाद न्यौपाने | |
| १० | वडा अध्यक्ष वडा नं. ७ | श्री मनेजर महतो | |
| ११ | वडा अध्यक्ष वडा नं. ८ | श्री शंकर कंडेल | |
| १२ | वडा अध्यक्ष वडा नं. ९ | श्री बन्धु राम महतो | |
| १३ | वडा अध्यक्ष वडा नं. १० | श्री चन्द्र बिक्रम चौधरी | |
| १४ | वडा अध्यक्ष वडा नं. ११ | श्री दिपेन्द्र कुमार दराई | |
| १५ | वडा अध्यक्ष वडा नं. १२ | श्री केदार नाथ पन्त | |
| १६ | वडा अध्यक्ष वडा नं. १३ | श्री कुल प्रसाद भुसाल | |
| १७ | कार्यपालिका सदस्य | श्री बुधरमिया चौधरी | |
| १८ | कार्यपालिका सदस्य | श्री गोमा देवी घर्ति | |
| १९ | कार्यपालिका सदस्य | श्री मैया बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री बिक्रमिया चौधरी | |
| २१ | कार्यपालिका सदस्य | श्री आनन्द दराई | |
| २२ | कार्यपालिका सदस्य | श्री विष्णु माया कामि | |
| २३ | कार्यपालिका सदस्य | श्री दुखीराम दराई | |
| २४ | कार्यपालिका सदस्य | श्री मेनुका परियार | |

खैरहनी नगरपालिका, चितवन

नगर कार्यपालिकाको बैठक

मितिः २०८२/०७/२४ गते, विहान ७.०० बजे

बैठक सङ्ख्याः ४ /२०८२-८३

**प्रस्तावहरुः-**

१. सवारी साधन तथा अन्य इक्यूप्मेण्ट सम्बन्धमा ।

२. भदौ २४ गते नगरपालिका क्षेत्रभित्र भएको विध्वंस तथा लुटपाट तोडफोड सम्बन्धमा ।

**निर्णयहरू**

१. २०८२ साल भदौ महीनाको २४ गतेको जेनजी आन्दोलनको क्रममा भएको आगजनीबाट नगर कार्यपालिकाको कार्यालयमा रहेका तीनवटै चारपाङ्ग्रे सवारी साधनहरू, दुईवटा मोटरसाइकल, एकवटा ट्याक्टर र एकवटा व्याकहोल्डर (जेसीवी) जलेर नष्ट भएको, तेस्रो पक्ष वीमा भएका साधनहरुको क्षतिपूर्तिवापतको रकम कार्यालयको नाममा प्राप्त भईसकेको, उल्लिखित वमोजिमका सवारी तथा अन्य साधनहरुको अभावमा नगरपालिकाको सेवाप्रवाह, अनुगमन, मुल्याङ्नजस्ता कार्यहरूमा निकै वाधा परिरहेकोले वीमा क्षतिपूर्तिवापत प्राप्त भएको रकम र चालू आर्थिक वर्षको कृषि विकास तथा सहकारी शाखा तर्फको "एक वडा एक कृषि सहकारी कृषि कार्यक्रम अन्तर्गत सहकारीलाई मेसीन/उपकरण अनुदान" वजेट शीर्षकमा विनियोजित बजेट रूपैयाँ पचास लाख एवम् आगजनी तोडफोडबाट काम नलाग्ने भएका कवाडी सामानहरुको लिलामीबाट प्राप्त हुने रकमसमेतबाट हालको लागि दुईवटा चारपाङ्ग्रे सवारी साधन, एकवटा व्याकहोल्डर र एकवटा ट्याक्टर खरिद गर्ने ।

२. २०८२ साल भदौ महीनाको २४ गतेको जेनजी आन्दोलनको क्रममा यस नगरपालिका अन्तर्गत नगर कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालयहरू, सरकारी/सार्वजनिक तथा निजी सम्पत्ति, घरहरुमा भएको आगजनी, तोडफोड, लुटपाटसमेतबाट ठूलो धनराशी बराबरको सरकारी तथा निजी सम्पत्तिमा क्षति पुगेको, समाजमा डर, त्रास सिर्जना भई समाज असुरक्षित भएको साथै त्यस्ता अवाञ्छित/ आपराधिक गतिविधिमा संलग्न अपराधीहरू विभिन्न सञ्चारका माध्यम/ सामाजिक सञ्जाल र अन्य विद्यूतीय माध्यमवाट अडियो भिडियोमार्फत सार्वजनिक भएको, अपराधीहरूलाई तुरुन्त गिरफ्तार गरी कानूनी कारवाही नहुँदा समाजमा थप भय र नैरास्यता पैदा भइरहेको एवम् अपराधीहरू खुलेआम निर्धक्करूपमा हिडडुल गरिरहेको विद्यमान अवस्थामा कानूनी राज्यको स्थापना गर्न, दोषीलाई

कानूनी कारवाही गरी आगामी दिनहरूमा पुनः यस्तै प्रकृतिका घटनाहरू दोहोरिन नदिन र दोषीको मनोबल बढ्न नदिनका लागि नगरपालिका क्षेत्रभित्रका भदौ २४ गतेका सबै आपराधिक/ विध्वंसात्मक कार्यमा संलग्न सवै दोषीहरूलाई सार्वजनिक भएका अडियो/ भिडियोको आधारमा तुरून्तै नियन्त्रणमा लिई आवश्यक कानूनी कारवाही अघि बढाउनको लागि जिल्ला प्रशासन कार्यालय, चितवनमा लिखित उजुरी दिने ।

-o-